# युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड
# United Modi Hydropower Limited

वडा नं.३१, कमलादी, काठमाण्डौं, नेपाल, फोन नं.: ४१६९११४, फ्याक्स नं.: ४१६९११३
इमेलः unitedmodi@ntc.net.np / वेभसाइट : www.umh.com.np

को

## साधारण शेयरको सार्वजनिक निष्काशन तथा बिक्री खुल्ला

युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडको प्रति शेयर रू.१००/- अंकित दरका १७,२५,००० कित्ता साधारण शेयरहरू (३४,५०० कित्ता शेयर कर्मचारीहरूको लागि सुरक्षित गरिएको, ८६,२५० कित्ता शेयर सामूहिक लगानी कोषहरूलाई बाँडफाँट गरिएको र बाँकी १६,०४,२५० कित्ता साधारण शेयर सर्वसाधारणमा निष्काशन गरिएको) **आज मिति २०७३ फागुन १९ गते**देखि सर्वसाधारणहरूमा निष्काशन तथा बिक्री खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

**दरखास्त फाराम प्राप्त गर्न र दरखास्त साथ रकम बुझाउन सकिने स्थानहरू :**

| क्र.सं. | संकलन केन्द्रहरू | फोन नं. | सम्पर्क ब्यक्ति |
|---|---|---|---|
| १. | एनआईबिएल क्यापिटल मार्केट्स, लिमिटेड, लाजिम्पाट, काठमाण्डौं । | ४००५०८० | बद्री प्रसाद प्याकुरेल |
| २. | *सि.बि.आई.एल. क्यापिटल लि., डिल्लीबजार, काठमाडौं । | ४४१७७२३ | संजिब भण्डारी |
| ३. | *काठमाण्डौं क्यापिटल मार्केट लि., काठमाण्डौं प्लाजा, कमलादी, काठमाण्डौं । | ४१६८६३४ | सुभाष बस्नेत |
| ४. | मिबोर क्यापिटल लि., कृष्णगल्ली, ललितपुर । | ५५५४७९३ | सागर तामाङ |
| ५. | गोर्खाज फाइनान्स लि., डिल्लीबजार, काठमाण्डौ तथा शाखा कार्यालयहरूः बौद्ध, न्यूरोड, सातदोबाटो, सूर्यबिनायक, दमक, धरान, इटहरी, नारायणगढ र बिर्तामोड । | ४४३०५२७ | मुकुन्द श्रेष्ठ |
| ६. | गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि., *हरिहर भवन, ललितपुर तथा शाखा कार्यालयहरूः *चावहिल, *हेटौंडा, बीरगञ्ज र चारआली । | ५५३७४०७ | अर्चना प्रधान |
| ७. | आईसीएफसी फाइनान्स लि., भाटभटेनी, काठमाण्डौ तथा शाखा कार्यालयहरूः बौद्ध, मैतीदेबी, गोंगबु, पेप्सीकोला, न्यूरोड र बनेपा । | ४४२५२९२ | नितेश तिवारी |
| ८. | सिनर्जी फाइनान्स लि., कमलादी, काठमाण्डौ तथा शाखा कार्यालयहरूः गोंगबु, न्यूरोड पोखरा र मिलनचोक बुटवल । | ४४४२४६१ | राजेश पुरी |
| ९. | गुडविल फाइनान्स लिमिटेडको शाखा कार्यालयहरूः नेपालगंज, दाङ फिदिम र इलाम । | ४४४४०३९ | सुदिप मानन्धर |
| १० | हाम्रो विकास बैंक लि., विदुर-३, बट्टार, नुवाकोट । | ०१०-५६१७७७ | राकेश डंगोल |
| ११. | ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड, हरिशंकर रोड, बागलुङ । | ०६८-५२२८६५ | सुदिप राजभण्डारी |
| १२. | साझा विकास बैंक लिमिटेड, धनगढी, कैलाली तथा शाखा कार्यालयहरूः टिकापुर र महेन्द्रनगर । | ०९१–५२६००६ | कमला बजगाई |

* उपरोक्त संकलन केन्द्रहरुबाट A/c. Payee चेक मात्र बुझिलिने ब्यबस्था गरिएको छ ।

धितोपत्र खरिद (सार्वजनीक निष्काशन) सम्वन्धी निर्देशिका, २०७३ वमोजिम २०७३ साल माघ १ गते देखि ASBA प्रणाली मार्फत **आवेदन संकलन गर्ने कार्य स्वेच्छिक रुपमा लागु भएकोले** माथि उल्लेखित संकलन केन्द्रहरूमा निष्काशन तथा बिक्री प्रबन्धकले उपलब्ध गराएको आवेदन फाराम मार्फत विगतमा झैं लगानीकर्ताहरूले आवेदन दिन सकिने वा नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी धितोपत्र खरिद/सार्वजनिक निष्काशन) सम्वन्धी निर्देशिका, २०७३ को दफा १६ को उपदफा (२) बमोजिम मिति २०७३/११/१५ भित्र आवेदन फाराम संकलन गर्न योग्यता पुगेका सहभागी बैंक वा वित्तीय संस्था मार्फत इच्छुक लगानीकर्ताहरूले ASBA प्रणाली अर्न्तगत समेत उक्त बैंक वा वित्तीय संस्थाले उपलब्ध गराएको आवेदन फाराम भरी आवेदन दिन सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ ।

उपरोक्त स्थानहरूको अलावा यस सार्वजनिक निष्काशनका क्रममा संकलन केन्द्र नभएका जिल्लाहरूबाट मात्र ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाईनेछ । यसरी दरखास्तवालाहरूले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मिति सम्ममा श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्ट साथ शेयर खरिदका लागि दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा पठाएका आवेदनहरूलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । शेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँटमा समावेश गरिने छैन ।

**शेयर निष्काशन बन्द हुने मिति (छिटोमा) : २०७३ फागुन २३ गते (बैकिङ्ग समय पश्चात्) ।**

**शेयर निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०७३ चैत्र ३ गते (बैकिङ्ग समय पश्चात्) ।**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि **"मिति २०७३ फागुन ९ गतेको नार्याँपत्रिका"** दैनिकमा प्रकाशित आव्हान-पत्र हेर्नुहुन अनुरोध गर्दछौं ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

NIBL CAPITAL
**एनआईबिएल क्यापिटल मार्केट्स लि.**
A Subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com